म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २३५ शनिवार, २८ चैत २०८२ ने. सं. ११४६ चौलागा 11 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

साझाकुरा

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## औषधि व्यवसायी संघमा थापा

हेटौंडा, २७ चैत/नेपाल औषधि व्यवसायी संघ मकवानपुरको अध्यक्षमा विष्णु थापा निर्विरोध निर्वाचित भएका छन् । शुक्रबार हेटौंडामा सम्पन्न संघको १६ औँ वार्षिक साधारणसभाबाट थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको हो ।

नवनिर्वाचित कार्यसमितिमा वरिष्ठउपाध्यक्षमा भरतबहादुर कार्की, थोकउपाध्यक्षमा निलम वैद्य र खुद्राउपाध्यक्षमा यादव अर्याल चयन भएका छन् । त्यस्तै महासचिवमा कृष्णहरि न्यौपाने, कोषाध्यक्षमा सलामसिंह लामा, सचिवमा विनिता बानियाँ र सहकोषाध्यक्षमा नरहरि थापा निर्वाचित भएका छन् । सदस्यहरुमा सचिता पोखरेल, सुरेश श्रेष्ठ, तीर्थमान श्रेष्ठ, प्रज्ञान घिमिरे र भागवत तिमल्सिना चयन भएका छन् ।

नवनिर्वाचित अध्यक्ष थापाले औषधि व्यवसायलाई व्यवस्थित, पारदर्शी र सेवामुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दै व्यवसायीको हकहित संरक्षणमा सक्रियरुपमा काम गर्ने बताए ।

# मकवानपुरका पालिकाले १ अर्ब २८ करोड संघीय अनुदान पाउने

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि स्थानीय सरकारलाई पठाउने वित्तीय समानीकरण अनुदानको सिफारिस गरेको छ ।




मकवानपुरका दश स्थानीय तहका लागि आउँदो आर्थिक वर्ष कुल १ अर्ब २८ करोड ५२ लाख बजेट वित्तीय समानीकरण अनुदान आयोगले सिफारिस गरेको हो । अघिल्लो आर्थिक वर्षको तुलनामा मकवानपुरका पालिकाले पाउने वित्तिय समानीकरण अनुदान १ करोड ४१ लाख बढी छ । जिल्लाको दश स्थानीय तहमध्ये मकवानपुरगढी गाउँपालिकाको बाहेक सबै स्थानीय तहको समानीकरण अनुदान बजेट चालु आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ । वित्त आयोगले चालु आर्थिक वर्ष ०८२/८३ मा संघीय सरकारले मकवानपुरका १० वटा स्थानीय तहका लागि १ अर्ब २७ करोड ११ लाख रुपैयाँ सिफारिस गरेको थियो ।

मकवानपुरको एकमात्र उपमहानगरपालिका हेटौंडालाई आर्थिक वर्ष २०८३/८४ का लागि सबैभन्दा बढी ३० करोड ३७ लाख अनुदान सिफारिस भएको छ । हेटौंडाका लागि चालु आर्थिक वर्षमा २९ करोड ७६ लाख सिफारिस भएको थियो । आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षको तुलनामा हेटौंडाको सिफारिस भएको बजेट ३७ लाख बढी हो । जिल्लाको बकैया गाउँपालिकालाई आगामी आर्थिक वर्षका लागि १३ करोड २० लाख रुपैयाँ समानीकरण अनुदान सिफारिस भएको छ । यो सिफारिस भएको बजेट हेटौंडापछिको दोस्रो बढी हो । अघिल्लो वर्ष पनि जिल्लाका स्थानीय तहमध्ये बकैयालाई नै दोस्रो बढी समानीकरण अनुदान सिफारिस भएको थियो । बकैयालाई चालु आर्थिक वर्षको तुलनामा आगामि आर्थिक वर्षका लागि २५ लाख बढी अनुदान सिफारिस भएको छ ।

मकवानपुरको मनहरी गाउँपालिकाले चालु आर्थिक वर्षको तुलनामा ८ लाख रुपैयाँ बढी संघीय समानीकरण अनुदान सिफारिस गर्दै १२ करोड ६१ लाख सिफारिस भएको छ । अघिल्लो वर्षपनि समानीकरण बजेट पाउने जिल्लाको स्थानीय तहमध्ये मनहरी तेस्रो स्थानमै रहेको थियो । त्यसैगरी थाहा नगरपालिकाको लागि आगामी आर्थिक वर्षका लागि १२ करोड ४३ लाख समानीकरण अनुदान सिफारिस भएको छ । यो चालु आर्थिक वर्षको तुलनामा जम्मा ४ लाख रुपैयाँ मात्र बढी हो । जिल्लाकै सबैभन्दा सानो पालिका इन्द्रसरोवर गाउँपालिकाले पनि आगामि आर्थिक वर्षका लागि संघीय समानीकरण अनुदान बढाएको छ । इन्द्रसरवरलाई आगामि आर्थिक वर्षका लागि ७ करोड ३७ लाख बजेट सिफारिस भएको छ । यो बजेट चालु आर्थिक वर्षको भन्दा २६ लाख बढी हो ।

मकवानपुरको पूर्वीक्षेत्रमा रहेको बागमती गाउँपालिकाको लागि आगामि वर्षका लागि ११ करोड ८७ लाख अनुदान सिफारिस भएको छ । चालु आर्थिक वर्षका लागि ११ करोड ७० लाख सिफारिस भएकोमा आगामि वर्षका लागि १७ लाख बढ्दै ११ करोड ८७ लाख सिफारिस भएको छ । जिल्लाको विकट कैलाश गाउँपालिकाको लागि ९ करोड ८९ लाख वित्तीय समानीकरण अनुदान सिफारिस भएको छ । कैलाका लागि चालु आर्थिक वर्षको तुलनामा ६ लाख रुपैयाँ बढी सिफारिस भएको हो । राक्सिराङका लागि आगामि आर्थिक वर्ष १० करोड ३७ लाख वित्तीय समानीकरण अनुदान सिफारिस भएको छ । चालु आर्थिक वर्षमा १० करोड २५ लाख सिफारिस भएकोमा आगामि आर्थिक वर्षका लागि समानीकरण अनुदान १२ लाख बढी सिफारिस भएको हो ।

जिल्लाका ९ वटै पालिकाको संघीय वित्तीय समानीकरण बजेट बढी सिफारिस हुँदा मकवानपुरगढी गाउँपालिकाको लागि घटेर सिफारिस भएको छ ।

चालु आर्थिक वर्ष १० करोड ७ लाख बजेट सिफारिस भएकोमा आगामि आर्थिक वर्षका लागि १० करोड ३ लाख मात्र सिफारिस भएको छ । यो सिफारिस रकम चालु आर्थिक वर्षको तुलनामा ४ लाख कम हो । वित्त आयोगले न्युनतम, सुत्रमा आधारित र कार्य सम्पादनमा आधारित भएर पालिकाको लागि वित्तिय समानीकरण अनुदान सिफारिस गर्ने गर्दछ । यो बजेट स्थानीय पालिकाले आफूले बजेट बनाएर प्राथमिकताका आधारमा खर्चगर्न सक्छन् । संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई कुल चारवटा अनुदान पठाउने गर्छ । जसमध्ये विनाशर्त तल्लो सरकारले आफ्नो बजेट बनाएर खर्च गर्नसक्ने अनुदान नै वित्तीय समानीकरण अनुदान हो ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले संघीय सरकार बाट प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो, सोही प्रयोजनमा खर्च गर्नुपर्छ भनेको छ । वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीयअन्तर घटाई सन्तुलन कायम गर्नु हो । संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेको जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोतको जोहो गर्न संघीय सरकारले यस्तो अनुदान तल्लो सरकारमा पठाउने गर्छ ।

# बागमतीमा सवारीसाधनको भाडादर वृद्धि कार्यान्वयनमा



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/बागमती प्रदेशमा सार्वजनिक सवारी साधनको भाडादर वृद्धि कार्यान्वयनमा आएको छ । प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयको निर्णय अनुसार पेट्रोलियमपदार्थबाट सञ्चालन हुने सवारीसाधनको नयाँ भाडादर राजपत्रमा सूचना प्रकाशन भएसँगै लागू गरिएको हो ।

प्रदेश भाडा निर्धारण तथा समायोजनसम्बन्धी नियमावली, २०७८, बजार मूल्यको उतारचढाव तथा प्रचलित आर्थिक ऐनलाई आधार बनाएर यसअघि २०८० भदौ ७ गतेदेखि लागू भाडादर पुनरावलोकन गरी नयाँदर निर्धारण गरिएको मन्त्रालयले जनाएको छ ।

नयाँ व्यवस्था अनुसार काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने यात्रुवाहक सार्वजनिक सवारी साधनको भाडा २५ दशमलव ९६ प्रतिशतले वृद्धि गरिएको छ । त्यस्तै, पेट्रोलियमपदार्थबाट सञ्चालन हुने ट्याक्सी सेवामा १२ दशमलव ३९ प्रतिशत, उपत्यका बाहिरका यात्रुवाहक सवारीमा १७ दशमलव ३५ प्रतिशत तथा मालवाहक सवारीसाधनमा २६ दशमलव ७९ प्रतिशतले भाडा बढाइएको छ ।

यद्यपि, विद्युतीय माध्यमबाट सञ्चालन हुने यात्रुवाहक सवारी तथा ट्याक्सी सेवाको भाडा भने यथावत राखिएको छ । ती सवारीसाधनमा २०७९ वैशाख १ गतेदेखि लागू भाडादर नै कायम रहने मन्त्रालयले स्पष्ट पारेको छ । भाडा समायोजनअघि सरोकारवाला पक्षसँग व्यापक छलफल गरिएको थियो । यसक्रममा नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष राजेन्द्रविक्रम बाँनिया र महासचिव बद्रीप्रसाद चौलागाईं सहितको टोली मन्त्रालय पुगेको थियो । उनीहरुले इन्धन मूल्यवृद्धि, सञ्चालन खर्चमा भएको बढोत्तरी तथा ढुवानीक्षेत्रमा परेको दबाबका कारण भाडा समायोजन आवश्यक रहेको धारणा राखेका थिए ।

बैठकमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठउपाध्यक्ष पुण्यप्रसाद सिटौला तथा सार्वजनिक यातायात व्यवसायी महासंघका अध्यक्ष डोलनाथ खनाललगायत पदाधिकारी तथा सदस्यको सहभागिता रहेको थियो । सरकारले बढ्दो इन्धन मूल्य, सञ्चालन लागत र व्यवसायीको दबाबलाई मध्यनजर गर्दै भाडादर समायोजन गरिएको जनाएको छ ।

## मधेश प्रदेशमाथि बागमतीको महत्वपूर्ण जीत



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/बायाहाते पेस बलर प्रतिश जिसीले ५ विकेट लिएपछि पीएम कप पुरुष राष्ट्रिय क्रिकेटमा बागमती प्रदेशले मधेश प्रदेशमाथि महत्वपूर्ण जित हासिल गरेको छ ।

शुक्रबार वीरगन्जमा भएको खेलमा बागमतीले मधेशलाई ३५ रनले पराजित गरेको हो । बागमतीले दिएको २०९ रनको लक्ष्य पछ्याएको मधेश ३४ दशमलव ३ ओभरमा १ सय ७३ रनमा अलआउट भयो । मयन यादवले सर्वाधिक ४० रन बनाए । आदिल आलमले २७, कप्तान अनिल साहले २६, विशाल सुस्लिङले २१ रन बनाए । मोहम्मद समिरले १६ रन बनाए । अभिषेक तिवारीले १० रन बनाए । बागमतीका प्रतिशले ९ दशमलब ३ ओभरमा ५५ रन खर्चेर ५ विकेट लिए । रिजन ढकालले २ तथा कप्तान सन्दीप लामिछाने र सुवास खत्रीले १-१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको बागमतीले ४८ दशमलब ४ ओभरमा अलआउट हुँदै २०८ रन बनाएको थियो । उत्तम मगरले सर्वाधिक ४४ रन बनाए भने कप्तान सन्दीपले ३६ रन बनाए । रिड्जिन लामाले २९ अनि आशुतोष घिरैयाले १८ रन बनाए । मधेशका लागि पवन सर्राफले १० ओभरमा ३१ रन दिएर ३ विकेट लिए । आदिल आलम र रन्जित कुमारले २-२ तथा विशाल पटेल, अभिषेक तिवारी र अरनिको यादवले १-१ विकेट लिए ।

योसँगै ८ खेलमा चौथो जित हासिल गरेको बागमती प्रदेश ८ अंकका साथ छैटौं स्थानमा उक्लिएको छ र जय ट्रफीका लागि छनोट हुने सम्भावना बलियो बनाएको छ । जय ट्रफीमा अबदेखि ६ टोलीले खेल्दै छन् । ७ खेलमा ९ अंक भएको मधेश चौथो स्थानमा यथावत् छ । मधेशको पनि जय ट्रफी खेल्ने सम्भावना बलियो नै देखिएको छ ।

## राक्सिराङको चेपाङबस्तीमा विद्युतीकरण गर्न ऊर्जामन्त्रीको ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/मकवानपुरको राक्सिराङ गाउँपालिकाका चेपाङबस्तीमा विद्युतीकरण गर्न र जीर्ण अवस्थामा पुगेका काठका विद्युतीय पोल हटाउन ऊर्जामन्त्रीको ध्यानाकर्षण गराइएको छ ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लसहितको टोलीले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठलाई भेटी विद्युत् विस्तार र काठेपोल हटाउन माग गर्दै ध्यानाकर्षण गराएको हो । सीमान्तकृत चेपाङ समुदायको बाहुल्य रहेको यसक्षेत्रमा विद्युत् र सडकजस्ता विकासका पूर्वाधारको पर्याप्त पहुँच नपुगेका कारण आर्थिक अवस्था कमजोर र जीवन कष्टकर रहेको भन्दै मन्त्री श्रेष्ठलाई समस्या समाधानका लागि आग्रह गरिएको अध्यक्ष मल्लले जानकारी दिएका छन् ।

गाउँपालिकाको विद्युतीकरण भएका स्थानमा पनि काठका पोलका कारण दुर्घटनाको जोखिम अत्यधिक रहेको भन्दै ती पोल विस्थापित गर्न माग गरिएको छ । गाउँपालिकाको वडा नम्बर २ को जम्मुओढारमा नयाँ विद्युत् विस्तार गर्न तथा माछाबेसी, थुम्की, आँपबारी, बरेटार, कालीधाप, सिमिटार, निङराङ, स्यामाङलगायत स्थानका काठेपोल विस्थापित गर्न मन्त्रालयसँग माग गरिएको छ । यस्तै, वडा नम्बर ३ को गुल्मेटदेखि चमेरो गुफासम्म, वडा नम्बर ४ को बिन्देश, लुभुटि, छाकाडाँडालगायत स्थान तथा वडा नम्बर ५, ६, ७ र ९ का विभिन्न स्थानमा नयाँ विद्युत् लाइन विस्तार गर्न पालिकाले माग गरेको छ ।

यसैगरी वडा नम्बर २, ३, ४ र ७ का थुम्की, आँपबारी, केराबारी, आलखोप, सरिखेत, लुथरी, भोल्र्याङ, रानीवाङ, हात्तीछाल चौतारा, जिर्खेडाँडा, घट्टखोला, माइसिराङलगायत स्थानमा रहेका जीर्ण काठेपोल हटाउन माग गरिएको अध्यक्ष मल्लले बताए । मन्त्री श्रेष्ठले पालिकाको मागप्रति सकारात्मक रहेको र क्रमशः समाधान गर्दै जाने प्रतिक्रिया दिए ।




यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

## विज्ञान/प्रविधि

# आर्टेमिस-२ का अन्तरिक्ष यात्रीले चन्द्रमाको नजिकैबाट के-के देखे ?



नासाको बहुप्रतिक्षित आर्टेमिस-२ चन्द्रमिसनका अन्तरिक्ष यात्रीहरू चन्द्रमाको अत्यन्त नजिक पुगेर अन्तरिक्षयानबाटै पूर्ण सूर्यग्रहणको दृश्य अवलोकन गरेपश्चात् अब पृथ्वी फर्किने क्रममा रहेका छन् । यस चन्द्र अभियानमा सहभागी अन्तरिक्ष यात्रीहरू शनिबार बिहान पृथ्वीमा अवतरण गर्नेछन् ।

मिसनका कमाण्डर रेड वाइजम्यानका अनुसार ओरियन अन्तरिक्षयानका चालक दलले यस्ता दृश्यहरू देखेका छन् जुन आजसम्म कुनै पनि मानिसले देखेका थिएनन् । त्यस्तै आर्टेमिस मिसनका पाइलट भिक्टर ग्लोभरले आफूहरूले देखेको दृश्य बयान गर्नका लागि शब्द नै नभएको बताएका छन् ।

सो यात्राका क्रममा अन्तरिक्षयानले पृथ्वीबाट करिब २ लाख ५२ हजार ७५६ माइल अर्थात् ४ लाख ६ हजार ७७१ किलोमिटर दूरी पार गरेको थियो । यो भनेको कुनै पनि मानिसले अन्तरिक्षमा तय गरेको अहिलेसम्मकै सबैभन्दा लामो दूरी हो । चन्द्रमाको पछाडि पट्टिको भागमा पुगेपछि अन्तरिक्ष यात्री र नासाबीच सम्पर्क विच्छेद भएको थियो । त्यसरी करिब ४० मिनेटसम्म सम्पर्क टुट्ने कुरा पहिले नै जानकारी थियो ।

सम्पर्क पुन: स्थापित भएपछि मिशन विशेषज्ञ क्रिस्टिना कोचले अन्तरिक्षयानबाट प्रतिक्रिया दिँदै भनिन्- पृथ्वीबाट फेरि आवाज सुन्न पाउँदा अत्यन्तै अद्रुभूत महसुस भयो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि अन्तरिक्ष यात्रीहरूसँग प्रत्यक्ष संवाद गरेका थिए । ट्रम्पले भनेका थिए, हतपाईंहरूले इतिहास रच्नुभएको छ र सम्पूर्ण अमेरिकालाई गर्व महसुस गराउनुभएको छ ।' साथै उनले अन्तरिक्ष यात्रीहरूलाई पृथ्वीमा फर्केसँगै ह्वाइटहाउसमा आउन निम्तो समेत दिए । अन्तरिक्षयात्रीहरू अमेरिकाको पश्चिमी तट नजिक रहेको प्रशान्त महासागरमा अवतरण गर्ने अपेक्षा गरिएको छ ।

### अन्तरिक्ष यात्रीहरू कति सुरक्षित छन् ?

नासाका एक अवकासप्राप्त अन्तरिक्ष यात्री तथा इन्टरनेसनल स्पेस स्टेसनका कमाण्डर समेत रहिसकेका टेरी भिट्र्सले चिन्ताजनक तर यथार्थपरक धारणा व्यक्त गरेका छन् । उनका अनुसार यस मिसनमा अन्तरिक्षयानका चालक दलले चन्द्रमाको गुरुत्वाकर्षण शक्तिको प्रयोग गर्दै त्यसको परिक्रमा गर्नुपरेको थियो ।

उनका अनुसार आर्टेमिस मिसनका अन्तरिक्षयात्रीहरू अन्तरिक्षमा अत्यन्त टाढा छन् । यदि उनीहरूको ज्यानमा कुनै खतरा आयो भने उनीहरूलाई बचाउने कुनै उपाय छैन । टेरीका अनुसार अन्तरिक्ष यात्रीहरूले अत्यन्त शक्तिशाली विकिरणको सामना गरिरहेका छन् । अनि केवल केही मिलिमिटर बाक्लो एल्युमिनियमको तह बाहिर उनीहरूका लागि तत्काल मृत्युको जोखिम मडारिरहेको हुन्छ । उनी भन्छन्, 'पूरै १० दिनको मिशनलाई पूर्णरूपमा सुरक्षित भन्न सकिँदैन । तर अहिलेसम्म कुनै असामान्य घटना भएको छैन । आज त केवल यति भयो कि यो क्याप्सुल चन्द्रमाको नजिकबाट गुज्रियो ।' उनका अनुसार अन्तरिक्षयानले चन्द्रमाको गुरुत्वाकर्षण प्रयोग गरेर आफ्नो उडानको दिशा करिब १८० डिग्रीले मोडेको छ । जसले क्याप्सुललाई पुन: पृथ्वीको दिशामा फर्काइरहेको छ ।

हल्का ठठ्टा गर्दै उनी भन्छन्, 'यहाँ त आइज्याक न्युटनले नै कमाण्ड सम्हालिरहेका छन् । अब गुरुत्वाकर्षणले नै क्याप्सुललाई बाटो देखाइरहेको छ ।' नासाकी विज्ञान प्रमुख डाक्टर निकोला फक्सका अनुसार अन्तरिक्ष यात्रीहरूले मिशनको यस महत्वपूर्ण चरणका लागि धेरै वर्षसम्म तयारी गरेका थिए । उनीहरूले नासाको टोलीसँग मिलेर चन्द्र विज्ञानको गहिरो अध्ययन गरेका थिए । अन्तरिक्षयात्रीहरूले निकै उत्कृष्ट काम गरेको र चन्द्रमासम्बन्धी धेरै महत्वपूर्ण जानकारीहरू प्रदान गरेको उनी बताउँछिन् ।

### आर्टेमिस-२ मिसनका खास पक्षहरू

आर्टेमिस-२ मिशनको रकेटले केन्नेडी स्पेस सेन्टरबाट गत अप्रिल १ मा उडान भरेको थियो । उक्त ऐतिहासिक मिशनमा तीन अमेरिकी अन्तरिक्ष यात्रीहरू रेड वाइजम्यान, क्रिस्टिना कोच र भिक्टर ग्लोभरका साथै एक क्यानेडियन अन्तरिक्ष यात्री जेरेमी ह्यान्सेन पनि सहभागी छन् ।

नासाको आर्टेमिस कार्यक्रम तयार पार्न वर्षौंको मेहनत लागेको छ । हजारौं वैज्ञानिक र प्राविधिक यसमा संलग्न रहेका छन् । यसमा अहिलेसम्म करिब ९३ अर्ब अमेरिकी डलर खर्च भइसकेको छ । यसअघि करिब ५० वर्षअघि नासाको अपोलो कार्यक्रमबाट अमेरिकाले इतिहास रचेको थियो । सोही अन्तरिक्ष अभियान अन्तर्गत पहिलोपटक मानवले चन्द्रमामा पाइला टेकेको थियो ।

### चन्द्रमा : सम्भावनाले भरिपूर्ण

चन्द्रमाको सतह सुख्खा, धूलोयुक्त र बाँझो देखिए पनि वास्तविकता फरक रहेको वैज्ञानिकहरू बताउँछन् ।

बेलायतको नेचुरल हिस्ट्री म्युजिमयकी ग्रह वैज्ञानिक सारा रसेलका अनुसार चन्द्रमामा उनै तत्वहरू छन् जुन हामी पृथ्वीमा पनि पाउँछौं । उनका अनुसार रेयर अर्थ एलिमेन्ट्स अर्थात् दुर्लभ धातुहरू जो पृथ्वीमा निकै सीमित मात्रामा पाइन्छन् ती चिजहरु चन्द्रमाका केही क्षेत्रमा पर्याप्त मात्रामा हुन सक्छन् । त्यस्तै फलाम र टाइटेनियमजस्ता धातुहरू पनि त्यहाँ पाइन्छन् । साथै हिलियम पनि चन्द्रमामा रहेको छ जसको प्रयोग सुपर कन्डक्टरदेखि मेडिकल उपकरणसम्म विभिन्न क्षेत्रमा गरिन्छ ।

तर चन्द्रमामा सबैभन्दा चासोको विषय भनेको पानी नै हो । रसेलका अनुसार चन्द्रमाका केही खनिजहरूमा पानी थुनिएको छ र ध्रुवीय क्षेत्रहरूमा उल्लेखनीय मात्रामा पानी हुन सक्छ । उनका अनुसार चन्द्रमामा यस्ता खाल्डाहरू छन् जहाँ सधैं छायाँ रहने भएकाले त्यहाँ बरफ जमेको हुनसक्ने सम्भावना धेरै छ । यदि मानवले चन्द्रमामा बसोबास गर्ने योजना बनायो भने पानी अत्यन्त आवश्यक स्रोत हुनेछ । पानी पिउन मात्र होइन यसलाई हाइड्रोजन र अक्सिजनमा विभाजन गरेर सास फेर्नका लागि हावा उत्पादन गर्न र अन्तरिक्षयानका लागि इन्धन तयार गर्न पनि प्रयोग गर्न सकिन्छ ।

नासाको दीर्घकालीन लक्ष्य अब मंगल ग्रहमा मानव पठाउने रहेको छ । जसका लागि सन् २०३० को दशकको लक्ष्य राखिएको छ । तर प्राविधिक चुनौतीहरूलाई हेर्दा यो लक्ष्य निकै महत्वाकांक्षी मानिन्छ । यद्यपि कुनै पनि ठूलो यात्राको सुरुवात कतै न कतैबाट गर्नैपर्छ । अमेरिकाले त्यसको सुरुवात चन्द्रमाबाट गर्ने निर्णय गरेको छ । त्यसैले आर्टेमिस-२ मिशनलाई अत्यन्त महत्वपूर्ण मानिएको छ ।

## स्वास्थ्य

# यौन सम्बन्धपछि किन चाडै निदाउँछन् पुरुष ? यस्ता छन् महिलाले सोच्ने १२ कुरा

महिला र पुरुषबीच शारीरिक सम्बन्ध भइसकेपछि कतिपय पुरुषहरु तुरुन्तै निदाउँने गर्छन् भने कतिपय महिलाहरुमा त्यसको असर २४ घण्टासम्म देखिने गर्छ ।

शारीरिक सम्बन्ध राख्ने वित्तिकै महिलालाई अंगालो नहाली वा कुराकानी नगरी निदाउँने पुरुषप्रति महिलाहरुको धारणा फरक हुने गर्छ । जस्तो कि स्वार्थी, माया नगर्ने, असन्तोषी जस्ता आरोपहरु लगाउने गर्छन् । तर, के वास्तवमै यौनसम्पर्क राख्नेवित्तिकै निदाउँने पुरुष साँच्चै स्वार्थी हुन्छन् त ? किन पुरुषलाई यौनसम्पर्क राख्नेवित्तिकै निन्द्रा लाग्छ ? सामान्यतया: रातको समयमा शारीरिक सम्बन्ध राख्ने गरिन्छ ।

रातको समयमा प्राय: मानिसहरु थाकेका हुन्छन् । शारीरिक सम्बन्ध राख्ने वित्तिकै निन्द्रा लाग्नुको पहिलो कारण यहि नै हो । तर, शारीरिक सम्बन्ध प्राकृतिक प्रक्रिया हो । शारीरिक सम्बन्धको बारेमा महिला र पुरुषको शरीरमा भिन्न प्रकारको प्रतिक्रिया उत्पन्न हुन्छ । महिला अग्ज्ञनिज्म अझै उत्तेजित हुन्छ र महिलाहरु शारीरिक सम्बन्धपछि झन् बढी पुरुषको मायामा पर्छन् ।

पुरुष अग्ज्ञनिज्म भने शारीरिक सम्बन्ध पछि इज्याकुलेट हुन्छ र हर्मोन उत्पादन हुन्छ । जसले शरीरमा आलस्यता पैदा गर्छ साथै शारीरिक सम्बन्धको दौरान शरीर निकै थाक्ने भएकाले पुरुषहरु छिट्टै निदाउँने विभिन्न अनुसन्धानमा उल्लेख छ ।

तर महिलाहरु शारीरिक सम्बन्ध पछि के चाहान्छिन् त - शारीरिक सम्बन्ध पुरुष र महिलाबीचको प्राकृतिक आकर्षणको मुख्य कारण हो । प्राय: महिलाहरू आफ्नो पार्टनरसँग मात्र शारीरिक सम्बन्ध राख्न रुचाउँछन् । शारीरिक सम्बन्धले महिला र पुरुषबीचको सम्बन्धलाई पनि मजबुत बनाउँछ भनिन्छ, तर कतिपयको भने शारीरिक सम्बन्ध पछिको सम्बन्धमा विचलन भएको पनि पाइन्छ । शारीरिक सम्बन्धपछि महिलाहरूले आफ्नो पुरुष साथी र आफूबारे कस्ता कुराहरू सोच्न सक्छन् ?

### शारीरिक सम्बन्धपछि महिलाहरूले सोच्ने १२ कुराहरू -

१. आनन्द र सन्तुष्टीबीच फरक - किंसले इन्स्टिच्यूटले गरेको शोधमा महिलाले पनि पुरुष जस्तै साधन नलगाई शारीरिक सम्बन्ध गर्दा बढी सन्तुष्टी हुने बताए । यद्यपी साधन लगाउँदा बढी सुरक्षित महसुस हुने उनीहरुको भनाइ थियो ।

२. विस्तारै गरेको राम्रो - शारीरिक सम्बन्धका लागि हतारिने पुरुष महिलालाई मन पर्दैन । उनीहरु आफ्ना संवेदनशील कोमल अंगमा पुरुषले दुख्ने गरी केही पनि नगरुन् भन्ने चाहन्छन् । संवेदनशील अंगसँग संवेदनशीलरुपमै प्रस्तुत भएको उनीहरुलाई मन पर्छ ।

३. मादकपदार्थ सेवन गर्ने चाहना - शारीरिक सम्बन्धपछि केही महिलालाई रक्सी सेवन गर्ने मन पनि हुन्छ । त्यो बेला उनलाई रक्सीले आफूलाई फाइदा गर्छ वा गर्दैन भन्ने थाहा हुँदैन ।

४. भोक लाग्नु - शारीरिक सम्बन्धका क्रममा शक्ति खर्च हुन्छ । यसकारण तपाईको जोडीले भोक लागेको महशुस गरेका हुन्छ ।

५. तपाईप्रति सकारात्मक - यदि शारीरिक सम्बन्धका क्रममा तपाइले जोडीलाई सन्तुष्टी दिन सक्नुभयो भने उनले संसर्गपछि तपाईप्रति सकारात्मक सोच्न थाल्छिन् । चाहे उनले यसको संकेत दिन पनि सक्छिन्, नदिन पनि सक्छिन् ।

६. शारीरिक सम्बन्ध एक काम - कुनै महिला संसर्गलाई एक महत्वपूर्णका कार्यका रुपमा लिन्छिन् । जुन पुरा हुने वित्तिकै आफ्नो अर्को काममा लाग्ने गर्छिन् ।

७. शारीरिक सम्बन्ध गरेकोमा विश्वास नलाग्नु - कयौं पटक महिलाहरुलाई आफूले कसैसँग शारीरिक सम्बन्ध राखेको कुरा पत्याउन गाह्रो पर्न सक्छ । यस्तो दुइवटा परिस्थितीमा हुन सक्छ । पहिलो, जब शारीरिक सम्बन्ध गर्ने व्यक्ति पहिलो पटक संसर्ग गरिरहेका छन् र दोस्रो, जब महिला जोडीलाई आशा गरे विपरित सम्पर्क भएमा ।

८. के म उनको लागि ठीक थिएँ - शारीरिक सम्बन्धपछि कतिपय महिलाको मनमा आफू आफ्नो जोडीको लागि ठीक थिएँ त भन्ने कुरा पनि मनमा लाग्ने गर्छ । उनी आफूसँगको सम्पर्कबाट आफ्नो जोडी सन्तुष्ट भयो वा भएन भन्ने बारेमा पनि जान्न चाहन्छिन् ।

९. उसले गर्ने मायामा फरक त पर्दैन - कैयौं पटक महिलाहरुलाई शारीरिक सम्बन्धपछि आफ्नो जोडीले पहिलेको जस्तै माया गर्छ कि गर्दैन भन्ने कुरामा दुविधा हुन्छ । यस्तो विषयले महिलाहरुलाई बढी सोच्न बाध्य बनाउँछ ।

१०. कतै मैले यो गलत त गरिनँ - यदि कुनै महिला आफ्नो श्रीमान वा ब्वाइफ्रेण्डलाई धोका दिएर अन्य कसैसँग शारीरिक सम्बन्ध राख्छिन् भने उनलाई आफूले यो के गरेको भन्ने मनमा खेल्ने गर्छ । उनलाई पछि आफूले यस्तो गर्न नसक्ने सोच्छिन् ।

११. दोस्रो पटक पनि गर्न सक्छौं - कुनै बेला महिलाहरु शारीरिक सम्बन्धबाट यति धेरै सन्तुष्ट हुन्छिन् कि उनी अर्को पटकका लागि पनि तुरुन्तै तयार हुन्छिन् । त्यसका लागि आफ्नो जोडीको मन तान्न थाल्छिन् ।

१२. समय अभाव भएको महशुस - महिला जोडीलाई शारीरिक सम्बन्धका क्रममा समयलाई लिएर तपाइप्रति निकै अपेक्षा हुन्छ । उनले तपाईलाई खरो रुपमा उत्रेको देख्न चाहन्छिन् । नभए उनी निराश समेत हुन्छिन् ।

## साहित्य

कथा

# सुबनसिरी किनारको प्रेम

✍ भाष्कर मैनाली शर्मा

अरुणाचल प्रदेशको रमणीय जह्रिरो उपत्यकामा शरद ऋतुको एक स्वच्छ बिहान थियो । आकाश नीलो, हावामा हल्का चिसोपन, र धानका हरिया बालीहरू हल्लिँदै थिए । आपातानी युवती यापी टागो आफ्ना साथीहरू–मीलो, सानी र लीना–सँग खेततिर जाँदै थिइन् । उनीहरूबीच हाँसो-ठट्टा चलिरहेको थियो । मीलोले रमाइलो पारामा भनिन्, “यापी, आज फेरि ढिला भयो भने आमाले गाली गर्नुहुन्छ ।” यापीले हाँस्दै जवाफ दिइन्, “अनि तिमीहरू पनि त मसँगै छौ, गाली बाँडिन्छ नि !”

त्यही समयमा इटानगरबाट आएका नेपाली बाहुन युवक अर्जुन भट्टराई आफ्ना साथीहरू दीपेन, सञ्जय र रोहितसँग जह्रिरो उपत्यकाको प्राकृतिक सौन्दर्य अवलोकन गर्न पुगेका थिए । अर्जुनको मन पहिलेदेखि नै पहाडी संस्कृतिप्रति आकर्षित थियो–दार्जिलिङको बाल्यकालीन सम्झना, इलामका चिया बगान, र नेपालको गाउँघरले उसलाई सधैं प्रकृतिसँग नजिक बनाएको थियो । जब उनीहरू खेतको बाटो हुँदै अगाडि बढ्दै थिए, त्यही बेला यापी र उनका साथीहरूसँग आमनेसामने भयो ।

मीलोले हल्का मुस्कानसहित भनिन्, “तपाईंहरू यहाँ नयाँ हुनुहुन्छ जस्तो लाग्यो ।” अर्जुनले नम्रतापूर्वक हात जोड्दै उत्तर दियो, “हो, हामी इटानगरबाट आएका हौं । यहाँको सौन्दर्य हेर्न आएका ।” यापीले पहिलोपटक अर्जुनलाई ध्यानपूर्वक हेरिन्–उसको सरलता, शालीनता र बोल्ने तरिकाले उनलाई केही क्षणका लागि स्तब्ध बनायो । उनले शान्त स्वरमा भनिन्, “यहाँको प्रकृति त सुन्दर छ नै, तर यहाँका मानिसहरू पनि त्यत्तिकै आत्मीय छन् ।” अर्जुन मुस्कुरायो र भन्यो, “आज भेट भएपछि त मलाई त्यो कुरा साँचो लाग्न थाल्यो ।”

‘यस दिन उनीहरू केही समय सँगै बसे, खेतको छेउमा, धानको गन्ध र चिसो हावाबीच । सञ्जयले मजाक गर्दै भन्यो, “अर्जुन, तिमी त यहाँका गाइड भेट्यौ जस्तो छ !” यापी लजाउँदै हाँसिन्, र अर्जुनले हल्का मुस्कान दिँदै भने, “यदि गाइड यस्तो हुन्छ भने म बारम्बार हराउन तयार छु ।” यो संवादले सबैलाई हँसाइदियो, तर अर्जुन र यापीबीच केही विशेष सुरु भइसकेको थियो ।

त्यसपछि उनीहरूबीच भेटघाट बढ्दै गयो । कहिले इटानगरमा, कहिले जह्रिरोमा–कहिले चिया पिउँदै, कहिले स्थानीय उत्सवहरूमा सँगै रमाउँदै । यापीले अर्जुनलाई आपातानी संस्कृतिबारे सिकाउन थालिन्–धान खेतीको तरिका, अपोंग बनाउने विधि, र परम्परागत गीत-नृत्य । एकदिन यापीले गर्वका साथ भनिन्, “हाम्रो संस्कृति हाम्रो पहिचान हो, अर्जुन ।” अर्जुनले सम्मानका साथ उत्तर दियो, “र म तिमीबाट यो सबै सिक्न पाउँदा भाग्यमानी ठान्छु ।”

अर्कोतर्फ अर्जुनले पनि यापीलाई आफ्नो संस्कृतिसँग परिचित गरायो । इटानगरमा दशैंको बेला उनले यापीलाई आफ्नो घरमा बोलाए । टीका लगाउने बेला अर्जुनले भने, “हाम्रोमा यो आशीर्वादको प्रतीक हो ।” यापीले चासोका साथ सबै हेर्दै भनिन्, “हाम्रो संस्कृति फरक भए पनि भावना उस्तै रहेछ ।” लक्ष्मी भट्टराईले यापीलाई माया गर्दै भनेकी थिइन्, “छोरी, संस्कार फरक भए पनि मन मिल्नुपर्छ ।”

दिन बित्दै जाँदा उनीहरूबीचको सम्बन्ध अझ गहिरो बन्दै गयो । एक साँझ, जह्रिरोको सानो पहाडमाथि बसेर सूर्यास्त हेर्दै गर्दा अर्जुनले गम्भीर स्वरमा भन्यो, “यापी, मलाई लाग्छ म तिमीलाई केवल साथीको रूपमा मात्र होइन, जीवनसाथीको रूपमा पनि हेर्न थालेको छु ।” यापी केही बेर मौन रहिन् । हावाले उनका कपाल हल्का उडाइरहेको थियो । उनले बिस्तारै भनिन्, “अर्जुन, म पनि तिमीप्रति त्यस्तै भावना राख्न थालेकी छु... तर हाम्रो संसार फरक छ, के हामी यसलाई सामना गर्न सक्छौं?”

अर्जुनले दृढतापूर्वक जवाफ दियो, “यदि हामी सँगै छौं भने, कुनै पनि फरकपन बाधा बन्न सक्दैन ।” यापीले गहिरो सास फेर्दै भनिन्, “ठीक छ, हामी प्रयास गरौं... चाहे जस्तोसुकै परिस्थिति किन नआओस् ।” त्यस क्षण उनीहरूको सम्बन्धले औपचारिक रूप लियो–मित्रताबाट प्रेममा रूपान्तरण भयो ।

त्यसपछि उनीहरूबीचको सम्बन्ध अझ प्रगाढ भयो । फोनमा लामो कुराकानी, साना भेटघाट, एकअर्काको संस्कृतिलाई बुझ्ने प्रयास–यी सबैले उनीहरूको प्रेमलाई मजबुत बनायो । अर्जुन भन्थ्यो, “तिमी बिना मेरो दिन अधुरो हुन्छ,” र यापी पनि मुस्कुराउँदै उत्तर दिन्थिन्, “अर्जुन, तिमी मेरो जीवनको अभिन्न हिस्सा बनिसकेका छौ ।” यसरी, प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र आत्मीय संवादका बीच उनीहरूको प्रेम कहानी बिस्तारै गहिरिँदै गयो, जसले पछि ठूलो जीवनयात्राको आधार तयार भयो ।

यापी र अर्जुनबीच प्रेम सम्बन्ध स्थापित भएपछि उनीहरूको जीवनमा नयाँ उत्साह थपिएको थियो, तर त्यो उत्साह धेरै दिन टिक्न सकेन । जब उनीहरूको सम्बन्धको कुरा औपचारिक रूपमा दुवै परिवारसम्म पुग्यो, वातावरण एकाएक तनावपूर्ण बन्यो । इटानगर स्थित अर्जुनको घरमा एक साँझ उनका बुबा हरिप्रसाद भट्टराईले कडा स्वरमा भने, “अर्जुन, तिमीले सोचविचार नगरी निर्णय लिएका छौ । हाम्रो बाहुन संस्कार, हाम्रो परम्परा–यी सबै कुराको के हुन्छ?” अर्जुनले संयमित तर दृढ स्वरमा उत्तर दियो, “बुबा, म यापीलाई साँचो मनले माया गर्छु । म संस्कारलाई सम्मान गर्छु, तर म आफ्नो जीवन पनि आफ्नै निर्णयले जिउन चाहन्छु ।” लक्ष्मी भट्टराईले चिन्तित हुँदै भनिन्, “छोरा, माया मात्रले घर चल्दैन, संस्कार पनि मिल्नुपर्छ ।”

अर्कोतर्फ जह्रिरोमा यापीको घरमा पनि त्यस्तै स्थिति थियो । उनकी आमा डोली टागोले गम्भीर स्वरमा भनिन्, “यापी, हाम्रो समुदायमा यस्तो विवाह सजिलो छैन । तिमीले सोच्नुपर्छ ।” यापीले आँखा रसाउँदै भनिन्, “आमा, म अर्जुन बिना आफ्नो जीवन कल्पना गर्न सक्दिनँ ।” उनका साथी मीलोले चुपचाप उनलाई सम्झाउँदै भनिन्, “निर्णय त तिमीले लिनुपर्छ, तर परिणाम पनि तिमीले नै भोग्नुपर्छ ।”

परिवारको तीव्र विरोधका बाबजुद पनि अर्जुन र यापीले अन्तत: विवाह गर्ने निर्णय लिए । इटानगरको एउटा सानो मन्दिरमा, सीमित साथीहरूको उपस्थितिमा, उनीहरूको विवाह सम्पन्न भयो । दीपेन, सञ्जय, रोहित र मीलोले उनीहरूलाई साथ दिए । विवाहपछि सुरुका केही दिन अत्यन्तै रमाइला थिए । उनीहरू सँगै बजार घुम्थे, कहिले गुवाहाटी जाने योजना बनाउँथे, कहिले दार्जिलिङको सम्झना गर्दै भविष्यका सपनाहरू बुन्थे ।

तर समय बित्दै जाँदा सांस्कृतिक भिन्नताले उनीहरूको सम्बन्धमा दरार ल्याउन थाल्यो । एकदिन बिहान, अर्जुन पूजा गरिरहेका थिए । उनले यापीलाई भने, “आज एकादशी हो, कृपया भान्सामा मासु नबनाऊ ।” यापीले अलिक चिढिँदै उत्तर दिइन्, “अर्जुन, म हरेक दिन आफ्नो बानी परिवर्तन गर्न सक्दिनँ ।” अर्को दिन यापीले आफ्नो परम्परागत परिकार तयार पार्दा अर्जुनले असन्तुष्टि जनाउँदै भन्यो, “मलाई यस्तो खाना खान गाह्रो हुन्छ ।” यापीले दुखित स्वरमा भनिन्, “अनि म तिम्रो संस्कार मात्र किन मानूँ? मेरो संस्कृति के कम छ?”

यस्ता साना-साना विवादहरू बिस्तारै गहिरिँदै गए । एक साँझ, तीव्र झगडापछि यापीले निराश हुँदै भनिन्, “अर्जुन, सायद हामीले प्रेमलाई मात्र पर्याप्त ठानेर गल्ती गर्यौं ।” अर्जुनले पनि आक्रोशित हुँदै भन्यो, “हो, सायद हामीले वास्तविकता बुझ्न ढिला गर्यौं ।” त्यो रात उनीहरू दुवै मौन रहे–त्यो मौनतामा पीडा, निराशा र असमझदारी गहिरिँदै गयो ।

केही दिनपछि यापी अचानक घरबाट हराइन् । अर्जुनले धेरै खोजी गर्‍यो, फोन गर्‍यो, साथीहरूलाई सोध्यो, तर कुनै खबर पाएन । अन्तत: खबर आयो–यापी आफ्नो बाल्यकालको साथी ताजोसँग विवाह गरेर जह्रिरो फर्किइन् । यो खबरले अर्जुनलाई पूर्ण रूपमा तोडिदियो । उसले व्याकुल हुँदै करायो, “यापी, तिमीले यसरी किन छोड्यौ?” उसले आफूलाई एक्लो, असफल र निराश महसुस गर्न थाल्यो ।

उसको अवस्था दिनदिनै बिग्रिँदै गयो । साथी दीपेन र सञ्जयले उसलाई इटानगर अस्पताल पुर्‍याए । डाक्टरले परीक्षणपछि भने, “उनको मानसिक अवस्था कमजोर छ, यहाँ पर्याप्त सुविधा छैन, गुवाहाटी लैजानुपर्छ ।” त्यसपछि अर्जुनलाई गुवाहाटीको ठूलो अस्पतालमा भर्ना गरियो ।

त्यहाँ उनको हेरचाह गर्ने नर्स प्रीति बोरा थिइन् । उनी धैर्यशील, संवेदनशील र आत्मीय स्वभावकी थिइन् । उनले अर्जुनसँग कोमल स्वरमा भनिन्, “तिमी एक्ला छैनौ, हामी छौं ।” सुरुमा अर्जुन मौन रहन्थ्यो, तर बिस्तारै उनले आफ्नो पीडा व्यक्त गर्न थाले । एकदिन उनले भन्यो, “मेरो जीवन समाप्त भयो जस्तो लाग्छ ।” प्रीतिले दृढतापूर्वक उत्तर दिइन्, “जीवन कहिल्यै समाप्त हुँदैन, नयाँ अध्याय सुरु हुन्छ ।”

दिनहरू बित्दै जाँदा अर्जुनको स्वास्थ्य सुधार हुन थाल्यो । प्रीतिको निरन्तर साथ र स्नेहले उसमा नयाँ ऊर्जा भरियो । उनीहरूबीच मित्रता विकसित भयो, र त्यो मित्रता बिस्तारै प्रेममा परिणत भयो । एकदिन अस्पतालको बगैँचामा बसेर अर्जुनले भने, “प्रीति, तिमीले मलाई फेरि बाँच्न सिकायौ ।” प्रीतिले मुस्कुराउँदै भनिन्, “सायद हाम्रो भेट नै त्यसका लागि भएको हो ।”

जब उनीहरूले विवाह गर्ने निर्णय गरे, प्रीतिको परिवार केही सशंकित भयो । उनका बुबा रञ्जन बोरा बोले, “हामीलाई चिन्ता छ, फरक संस्कृतिमा जीवन सजिलो हुँदैन ।” तर अर्जुनका बुबा हरिप्रसाद भट्टराईले यसपटक नम्रतापूर्वक भने, “हामीले पहिले धेरै गल्ती गर्यौं, अब छोराको खुशीमा साथ दिन्छौं ।”

यही समयमा असमका प्रतिष्ठित साहित्यकार तथा प्राचार्य डा. अनिरुद्ध देकाले दुवै परिवारलाई भेटेर सम्झाए । उनले भने, “संस्कृति फरक भए पनि मानिसको मन एउटै हुन्छ । प्रेम, सहिष्णुता र सम्मानले सबै भिन्नता मेटाउन सक्छ ।” उनका शब्दहरूले दुवै परिवारलाई गहिरो रूपमा छोयो ।

अन्तत: दुवै परिवारले एकअर्कासँग माफी माग्दै अर्जुन र प्रीतिको विवाहलाई स्वीकार गरे । विवाहपछि उनीहरू गुवाहाटी र इटानगरबीच आफ्नो जीवन सन्तुलित गर्दै अघि बढे । कहिलेकाहीं साना मतभेद भए पनि उनीहरूले आपसी समझदारीले समाधान गर्थे । प्रीति हाँस्दै भन्थिन्, “आज बिहू मनाऔं,” र अर्जुन मुस्कुराउँदै उत्तर दिन्थ्यो, “र भोलि पूजा पनि गरौं ।”

यसरी अनेक उतार-चढाव, पीडा र सिकाइका बीच उनीहरूको जीवनले अन्तत: एउटा सशक्त सन्देश दियो–साँचो प्रेम केवल भावना मात्र होइन, सहिष्णुता, सम्मान र निरन्तर प्रयासको परिणाम हो ।

# मधुमास

✍ डीग बहादुर तामाङ्ग

वसन्तको प्रथम श्वास

वसन्ते सुगन्धित हावा बगिरहँदा,
फूलैले सजिएको भूधर सबै छ ।
बिहानै चरीको मधुर चिरबिरले,
सङ्गीतै भरिएको वातावरणै छ ।
युवायुवती फदयमा प्रेम उम्लँदा,
मधुमासै फुलिरहे मनको बगैँचा ।
हावाले स्पर्श गर्दा कोमल तानै,
भावनाले लेखिरहे मधुरै कथा।
डालै-डाल फुलिरहे रंगिन छायाले,
पातै-पात चम्किरहे घामका किरण।
नदीको छालमा झल्के वसन्तको रंग,
आकाशै हाँसिरहे शान्ति छरिरै ।

प्रकृतिको नृत्य

वन-उपवन गन्धले भरिएको बेला,
मखमली स्पर्शले छुँदै गगनै छ।
भमरा गुन्गुनाउँदै फूल चुमिरहँदा,
प्रकृतिले प्रेमको रहस्य सुनाउँछ।
युवाको आँखामा चम्के सपनाहरू,
युवतीको ओठमा फुल्यो लजालु हासो।
हावाले ल्याइदियो कोमल सन्देशै,
फदयमा फुलिरहे मायाका छायाहरू।
बगैँचामा नाचिरहे रंगिन पातहरू,
पथभरि छरिरहे सुगन्धका धुनै।
धरतीले ओढिरहे वसन्तको ओढनी,
आकाशले छोपिरहे उज्यालो छायाँ।

## चित्रकला





शैलेस पौडेल

# प्रधानमन्त्रीको सम्बोधन विनै सकियो संसद्को पहिलो अधिवेशन

काठमाडौं/प्रतिनिधिसभा २०८२ को पहिलो अधिवेशन जम्मा ९ दिन चल्यो । ९ दिनमा ६ वटा बैठक बस्यो । १९ चैतमा सुरु भएर २७ चैतमा सकिएको अधिवेशनले प्रतिनिधिसभाको सभामुख र उपसभामुख चयन गऱ्यो ।

सभामुखको निर्वाचन चैत २२ गते भएको थियो । सभामुखमा डोलप्रसाद अर्याल निर्वरोध निर्वाचित भए । चैत २७ गते उपसभामुखको निर्वाचन भयो । उपसभामुखमा राप्रपाकी सरस्वती लामा र श्रम संस्कृति पार्टीकी रुबीकुमारी ठाकुर उम्मेदवार थिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को समर्थन पाएकी ठाकुर उपसभामुखमा निर्वाचित भइन् ।



यसबाहेक यस अधिवेशनले २१ सदस्यीय कार्यव्यवस्था परामर्श समिति गठन गऱ्यो । यस अवधिमा प्रतिनिधिसभाले सबै संसदीय समितिसमेत गठन गरेको छ । शुक्रबार बसेको सभाको बैठकमा सभामुख अर्यालले संसदीय समितिमा रहने सदस्यहरूको नाम प्रस्ताव गरे । जसलाई सभाले स्वीकृत गऱ्यो ।

संघीय संसद्अन्तर्गत १६ वटा संसदीय विषयगत समिति रहेका छन् । राष्ट्रिय सभाअन्तर्गत चार वटा संसदीय विषयगत समिति रहन्छन् । ती समिति यसअघि नै गठन भइसकेका छन् । प्रतिनिधिसभा अन्तर्गत १० वटा विषय समिति रहन्छन् । बाँकी दुई वटा संयुक्त समिति रहेका छन् । शुक्रबार बसेको प्रतिनिधिसभा बैठकमा यी सबै समिति गठनको प्रस्ताव प्रस्तुत गरेका थिए, जसलाई सभाले स्वीकृत गरेको हो ।

संसदीय समिति सभापतिको निर्वाचन भने चालू अधिवेशनमा हुन सकेन । सभामुख अर्यालले आगामी वैशाख ४ गतेका लागि संसदीय समितिको सभापतिको निर्वाचन घोषणा गरेका छन् । साथै, प्रतिनिधिसभा नियमावली बनाउन १५ सदस्यीय मस्यौदा समिति बनाएको छ । रास्वपाका सांसद गणेश पराजुलीको नेतृत्वमा गठित मस्यौदा समितिले बनाएको नियमावली प्रतिनिधिसभाले पारित गरेपछि लागु हुनेछ । यो काम अर्को अधिवेशनका लागि सरेको छ ।

साथै, सभामा आकस्मिक समय, शून्य समय, विशेष समय चले, जहाँ सांसदहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए । कतिपय विषयमा सांसदहरूले प्रधानमन्त्री बालेन शाहकै जवाफ मागे । तर उनीहरूले प्रधानमन्त्री बालेनको जवाफ पाउन सकेनन् ।

### तोडियो परम्परा

विगतमा निर्वाचन पछिको अधिवेशनको पहिलो दिन प्रधानमन्त्रीले रोस्ट्रमबाट संक्षिप्त सम्बोधन गर्ने परम्परा जस्तै थियो । जसमार्फत प्रधानमन्त्रीले सरकारको प्राथमिकता, नीति र राजनीतिक सन्देश दिन्थे । तर यसपटक यस्तो अभ्यासले निरन्तरता पाउन सकेन ।

१९ चैतमा बसेको पहिलो बैठकमा शीर्ष नेताहरूले शुभकामना सम्बोधन गरे । त्यस दिन सत्तारुढ दलको तर्फबाट पार्टी सभापति रवि लामिछानेले धारणा राखे, तर प्रधानमन्त्रीको हैसियतमा बालेनको सम्बोधन भएन । त्यसै दिन संविधानविद् डा. विपिन अधिकारीले संसद्मा प्रधानमन्त्रीको सम्बोधन नहुँदा केही खड्किएको जस्तो भएको टिप्पणी गरेका थिए ।

'आजको पहिलो बैठकमा संसद्का नेता प्रधानमन्त्रीलाई पनि संक्षिप्त सम्बोधन गर्ने प्रयोजनपरक अधिकार थियो । यसपालि सत्ताधारी पार्टी अध्यक्ष तथा प्रधानमन्त्री अलग-अलग व्यक्ति भएकाले पनि यसको आवश्यकता देखिएको थियो,' उनले भनेका थिए, 'धेरैले प्रधानमन्त्री अनुपस्थित भएझैं अनुभव गरे । तथापि, अब सभामुखको निर्वाचनपछि प्रधानमन्त्रीले उक्त अधिकारको माग गर्नुहुनेछ भन्ने आशा गरौं ।' तर, अधिवेशन अवधिभर प्रधानमन्त्रीले सम्बोधन गरेनन् ।

अध्येता जगत नेपाल प्रधानमन्त्रीले सम्बोधन नै नगरी संसद् अधिवेशन सकिएको विगतमा आफूले नदेखेको बताउँछन् । 'नयाँ निर्वाचनपछि निर्वाचित भएर आएपछि प्रधानमन्त्रीले न जनताको नाममा सम्बोधन गरेका छन् न त संसद्मा बोलेका छन् । यो नयाँ देखियो । मैले यस्तो पहिले देखेको थिइनँ,' उनले संचारकर्मीसँग भने ।

नेपालका अनुसार २०१५ सालमा प्रधानमन्त्रीको शपथ लिए लगत्तै तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाले रेडियोबाट नागरिकको नाममा सम्बोधन गरेका थिए । उक्त सम्बोधनलाई छुट्टै प्रकाशन पनि गरिएको छ । २०४६ पछि पनि प्रधानमन्त्रीले सम्बोधन गर्ने प्रचलन थियो । प्रधानमन्त्री नै सभामुखको निर्वाचनमा प्रस्तावक बस्ने परम्परा पनि यसपटक तोडिएको छ । यसपटक सभामुख अर्यालको प्रस्तावकमा रास्वपा सभापति लामिछाने नै बसे । अध्येता नेपाल भन्छन्, 'सभामुखमा नाम प्रस्ताव गर्दा प्रधानमन्त्री प्रस्तावक हुने वा बधाइ दिने चलन थियो । यसपटक त्यो पनि देखिएन ।'

### प्रधानमन्त्रीको सम्बोधन किन महत्वपूर्ण ?

सत्तारुढ दल रास्वपाका सभापति र प्रधानमन्त्री फरक-फरक व्यक्ति हुन् । विगतमा प्राय: पार्टी प्रमुख नै संसदीय दलका नेता र प्रधानमन्त्री हुन्थे । यस्तो अवस्थामा प्रधानमन्त्रीले सम्बोधन गर्दा त्यसलाई सरकारको आधिकारिक धारणा वा भिजन मानिन्थ्यो ।

सभापति र प्रधानमन्त्री फरक-फरक व्यक्ति भएका कारण पनि प्रधानमन्त्रीको प्रत्यक्ष सम्बोधन धेरैले खोजेको बताउँछन् अध्येता नेपाल । उनको नजरमा यसबाहेक पनि संसद्मा प्रधानमन्त्रीले सम्बोधन गर्नुपर्ने कारणहरू छन् ।

पहिलो : प्रधानमन्त्री संसद्को पनि नेता हो । संसद् कसरी जान्छ र सरकारको प्राथमिकता के हुन्छ भनेर संसद्लाई जानकारी गराउनु र त्यसमा विश्वास आर्जन गर्नु प्रधानमन्त्रीको दायित्व हो ।

दोस्रो : सांसदहरूले नै पनि विभिन्न विषयमा प्रधानमन्त्रीको जवाफ खोजेका थिए ।

तेस्रो : नागरिकले प्रधानमन्त्रीको बोली सुन्न चाहेका छन्, जुन अपेक्षा पूरा हुन सकेन ।

संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङका अनुसार प्रधानमन्त्रीको संसदीय सम्बोधन केवल औपचारिकता होइन, राजनीतिक दिशानिर्देशका निम्ति सम्बोधन आवश्यक हुन्छ । यो सरकारको प्राथमिकता र रणनीति स्पष्ट पार्ने अवसर पनि हो । यसमा जनउत्तरदायित्वको विषय पनि जोडिन्छ । किनभने, प्रधानमन्त्रीले जनताप्रति जवाफदेहिता प्रदर्शन गर्ने थलो संसद् हो ।

साथै, अन्तर्राष्ट्रिय समुदायले समेत प्रधानमन्त्रीको सम्बोधन पर्खिएका छन् । उनी भन्छन्, 'अब नेपालको परराष्ट्र नीति कस्तो होला ? नेपालले कस्तो आर्थिक नीति लिँदैछ ? विश्व समुदायले यस सम्बन्धमा नेपाल सरकारको दृष्टिकोण कस्तो आउँछ भनेर पर्खिरहेको छ ।'

एउटै दलको करिब दुई तिहाइ समर्थनसहित बनेको सरकारबाट स्वाभाविक रूपमा उच्च अपेक्षा गरिन्छ । यस्तो अवस्थामा प्रधानमन्त्रीले मुलुकलाई कता लैजान चाहेका छन्, आर्थिक-सामाजिक रूपान्तरणको रोडम्याप के हो र अन्तर्राष्ट्रिय सम्बन्धमा नेपालको धारणा कस्तो हुने हो भन्ने प्रश्नहरू प्रतिनिधिसभामै उठे ।

संसद्का पूर्वमहासचिव गुरुङका नजरमा प्रधानमन्त्रीले सम्बोधन गर्ने प्रश्नहरू पनि यिनै हुन्, 'ओभरल प्रधानमन्त्रीको भिजन के हो ? राष्ट्रलाई कुन रूपमा अगाडि बढाउन खोजिएको छ ? दुई तिहाइ बहुमतको एकल सरकारले मुलुकलाई कसरी ड्राइभ गर्दैछ ? जनतालाई कस्तो राहत दिँदैछ ?' तर, यी प्रश्न र कौतुहलता यसपटक यत्तिकै रह्यो ।

*(स्रोत: अनलाइनखबर)*

# 'ब्रेकअप ताजि ङाला' म्युजिक भिडियो सार्वजनिक




साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ ब्रेकअप ताजि ङाला नामक नयाँ म्युजिक भिडियो औपचारिकरुपमा सार्वजनिक गरिएको छ । शुक्रबार पत्रकार सम्मेलन गर्दै बीरु घलान अफिसियल युटुब च्यानलमा सार्वजनिक गरेको हो ।

शर्मिला लामाको प्रस्तुती रहेको म्युजिक भिडियोको निर्देशन आशिष लामाले गरेका हुन् । भिडियोमा लामा र मोडल याङ्गी डोङको मुख्य अभिनय रहेको छ । गीतमा बीरु र अनिशा तामाङको स्वर रहेको छ भने शब्द तथा संगीत आश्रम थिङले तयार पारेका हुन् । मिक्सिङ तथा मास्टरिङ सानुबाबु घिसिङले गरेका हुन् । पत्रकार सम्मेलनमा गायक बीरुले 'ब्रेकअप ताजि ङाला आफ्नो जीवन अनुभव र वरिपरिका वास्तविक घटनाबाट प्रेरित भएर तयार पारिएको गीत भएको बताए ।

उनले प्रेम, सम्बन्ध र बिछोडका भावनालाई दर्शकले सहजै महसुस गर्न सक्नेगरी गीतमा उतार्ने प्रयास गरिएको उल्लेख गरे । उनकाअनुसार, गीतले विशेषगरी युवापुस्ताको मनोभावलाई प्रतिनिधित्व गर्ने विश्वास व्यक्त गर्दै दर्शक तथा स्रोताबाट सकारात्मक प्रतिक्रिया आउने अपेक्षा गरे । सम्पूर्ण टिमको मेहनतका कारण भिडियो अझ प्रभावकारी बनेको उनको भनाइ थियो । पत्रकार सम्मेलमा तामाङ पत्रकार संघ मकवानपुरका अध्यक्ष धिरेन लोप्चन, समाजसेवी रावीब गोले, सेलोगायक केसरसिङ तामाङलगायतको उपस्थिति रहेको थियो ।

# आइतबार ओपिडी सेवा सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयको निर्देशन




साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरका अस्पताल र सम्बन्धित निकायलाई सेवा प्रवाहमा कुनै अवरोध नआउने गरी आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

सरकारले शनिबार र आइतबार लगातार दुईदिन सार्वजनिक बिदादिने व्यवस्था लागु गरेसँगै मन्त्रालयका सहप्रवक्ता डा.समिर अधिकारीले विज्ञप्ति जारी गर्दै सम्बन्धित निकायलाई सेवाप्रवाहमा कुनै अवरोध नआउने गरी आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएका हुन् । मन्त्रिपरिषद्को निर्णयअनुसार चैत्र २२ गते राजपत्रमा प्रकाशित सूचनापछि लागु भएको नयाँ बिदा व्यवस्थाले स्वास्थ्यसेवा प्रभावित हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै मन्त्रालयले विशेष कार्ययोजना अघि सारेको जनाएको छ ।

मन्त्रालयकाअनुसार अस्पतालले आफ्नो कार्यभार र उपलब्ध जनशक्ति हेरेर आइतबार पनि ओपिडी सेवा सञ्चालन गर्न निर्देशन दिइएको छ । कर्मचारी व्यवस्थापनतर्फ भने हप्तामा शनिबारबाहेक अर्को एकदिन बिदादिने व्यवस्था गरिने छ । यदि यो अनुसार बिदादिन सम्भव नभए सट्टाबिदा उपलब्ध गराइने व्यवस्था गरिने मन्त्रालयले स्पष्ट पारेको छ । यो व्यवस्था देशभरका प्रादेशिक अस्पतालमा समेत लागु गर्न सातै प्रदेशका स्वास्थ्य मन्त्रालयलाई अनुरोध गरिएको छ ।

# ऐन विपरीत थपिएको एमबीबीएस सिट प्रधानमन्त्रीले के गर्छन् ?

काठमाडौं/प्रधानमन्त्री बालेन्द्र शाहले स्वार्थ बाझिएको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहलाई बिहीबार पदमुक्त गरे । साहले पद दुरुपयोग गर्दै आफ्नै श्रीमतीलाई स्वास्थ्य बीमा बोर्डमा सदस्य बनाएको आरोपपछि उनलाई पदबाट हटाइएको हो । बोर्ड सदस्य बनाउँदा सम्बन्धित स्वास्थ्य मन्त्रालयले ध्यान नदिएको भन्दै मन्त्री निशा मेहतामाथि पनि सचेत गराएको छ ।




सुशासनको दिने उद्देश्यले मन्त्री बर्खास्त गर्दा अहिले सरकारको कार्यशैलीको प्रशंसा पनि भइरहेको छ । तर यही बीचमा एउटा कानुनभन्दा विपरीत नै निर्णय भएको विषय बाहिर आएको छ । यसबारे चाहिँ सरकारले वास्ता गरेको छैन । प्रधानमन्त्री वालेन्द्र शाह चिकित्सा शिक्षा आयोगका अध्यक्षसमेत हुन् । चिकित्सा शिक्षा ऐनको प्रावधान भन्दा विपरीत जेनजी आन्दोलनमा घाइते भएकी एकता शाहलाई अतिरिक्त छात्रवृत्ति कोटामा एमबीबीएस अध्ययनको अवसर दिने निर्णय अघि बढाएका छन् ।

त्यस्तै आयोगका सह-अध्यक्ष शिक्षामन्त्री सस्मित पोखरेल र स्वास्थ्यमन्त्री निशा मेहताले ऐन विपरीत उक्त निर्णय गरेका थिए । आयोगका पदाधिकारी पनि निर्णय गैर कानुनी भएको स्वीकार गर्छन् । तर बैठकमा सुनाइएको उक्त निर्णयको विपक्षमा आयोगका सदस्य कसैले बोल्ने आँट समेत गरेनन् । 'श्रममन्त्रीले स्वार्थ बाझिने काम गरेपछि पार्टीले कारबाही गऱ्यो । तर ऐन विपरीत भइरहेको निर्णयबारे चाहिँ चुपचाप देखिन्छ,' आयोगका एक सदस्य भन्छन् ।

यो निर्णय जेनजी आन्दोलनबारे अध्ययन गर्न गठित गौरीबहादुर कार्की जाँचबुझ आयोगले गत पुसमा गरेको सिफारिसका आधारमा गरिएको थियो । आयोगले घटनाको अनुसन्धान गर्ने मात्र कार्यादेश पाएको भए पनि घाइते एकतालाई एमबीबीएस अध्ययनको व्यवस्था मिलाइदिन सरकारलाई सिफारिस गरेको थियो । आयोगले तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारलाई पत्र पठाउँदै एमबीबीएस अध्ययनको व्यवस्था मिलाउन भन्दै पत्र पठाएको थियो ।

यो पत्रको कार्यार्थ भन्दै गृह मन्त्रालय र शिक्षा मन्त्रालयलाई जानकारी गराएको थियो । यसको आधारमा सुशीला कार्की नेतृत्वको सरकारले चैत १ मन्त्रिपरिषद्बाट निर्णय गर्दै आयोगलाई निर्देशन दिएको थियो । त्यही निर्देशन अहिले प्रधानमन्त्री बालेनले चिकित्सा शिक्षा आयोगको बैठकबाट कार्यान्वयनमा लैजाने निर्णय गरेका हुन् ।

तर, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार एमबीबीएस अध्ययनका लागि प्रवेश परीक्षा, मेरिट सूची र निर्धारित सिट प्रणाली अनिवार्य हुन्छ । मेरिट सूचीबाहिरका व्यक्तिलाई भर्ना गर्न सक्ने कुनै व्यवस्था ऐनमा छैन । सुनसरी घर भएकी एकताको २३ भदौको जेनजी आन्दोलनमा काठमाडौंको नयाँ बानेश्वरमा भएको प्रदर्शनका क्रममा बायाँ घुँडामा गोली लागेको थियो । घाइते अवस्थामै उनी एमबीबीएसको प्रवेश परीक्षामा सामेल भइन् । जसमा ५७ दशमलव ५ प्रतिशत प्राप्ताङ्क सहित ७ हजार ६४० नम्बरमा नाम निस्कियो ।

चिकित्सा शिक्षा अध्ययन गर्न आयोगले लिने एकीकृत प्रवेश परीक्षा अनिवार्य रूपमा उत्तीर्ण गर्नुपर्छ । परीक्षा पास गरेपछि मात्र मेरिट सूचीअनुसार भर्ना प्रक्रिया अघि बढ्छ । आयोगले नै मेडिकल कलेजको सिट निर्धारण गर्छ ।

यस वर्ष एमबीबीएस अध्ययनका लागि देशभरका शिक्षण संस्थामा २ हजार ६३५ सिट निर्धारण भइसकेको छ । प्रवेश परीक्षा, नतिजा प्रकाशन तथा मेरिटका आधारमा विद्यार्थी छनोट प्रक्रिया पूरा भइसकेको छ । तर, आयोगको २४ औं बैठकमा एकता शाहलाई अतिरिक्त छात्रवृत्ति कोटामा एमबीबीएस अध्ययन गराउने प्रस्ताव राखिएको थियो । आयोगका सदस्यहरूका अनुसार उक्त प्रस्ताव प्रधानमन्त्रीको दबाबमा बैठकमा ल्याइएको थियो ।

बैठकमा प्रधानमन्त्री शाह उपस्थित नभएपछि शिक्षामन्त्री तथा आयोगका सहअध्यक्ष सस्मित पोखरेलले अध्यक्षता गरेका थिए । आयोगका एक सदस्यका अनुसार प्रधानमन्त्री कार्यालयबाट नै अध्यक्षको निर्देशन भन्दै बैठक बोलाइएको जानकारी सदस्यहरूलाई पठाइएको थियो ।

स्वास्थ्य मन्त्री निशा मेहता उक्त निर्णय अघिल्लो सरकारकै मन्त्रिपरिषद् निर्णयका आधारमा आयोगमा प्रस्तुत गरिएको दाबी गर्छिन् । तर, किन आयोगको ऐनविपरीत प्रस्ताव अघि सारियो भन्ने प्रश्नमा उनले स्पष्ट जवाफ दिन सकेकी छैनन् । चिकित्सा शिक्षा सुधार अभियानका अभियन्ता डा. गोविन्द केसीले यस्तो निर्णयले चिकित्सा शिक्षामा स्थापित मेरिट प्रणाली कमजोर बनाउने बताउँछन् ।

चिकित्सा शिक्षा आयोगका पूर्वउपाध्यक्ष डा. श्रीकृष्ण गिरीका अनुसार पनि ऐन र स्थापित प्रणाली मिचेर कसैलाई विशेष सुविधा दिने निर्णय स्वीकार्य हुन सक्दैन । 'चिकित्सा शिक्षासम्बन्धी अधिकार र व्यवस्था कानुनले स्पष्ट रूपमा तोकेको छ । त्यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी आयोगको हो । आयोगभन्दा बाहिरबाट कसैले निर्देशन दिएर ऐनविपरीत निर्णय गरिनु हुँदैन,' डा.गिरी भन्छन् ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार शिक्षण संस्थामा सिट संख्या निर्धारण गर्ने अधिकार आयोगलाई मात्रै छ । ऐनको दफा १७ भनिएको छ, 'आयोगले प्रत्येक वर्ष तोकिएबमोजिम मापदण्डका आधारमा विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाका लागि निश्चित सिट संख्या तोक्नेछ ।'

त्यसैगरी दफा १७ को उपदफा (३) मा 'विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाले प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीलाई म्याचिङ प्रणालीअनुरूप भर्ना गर्नुपर्ने' उल्लेख छ । चिकित्सा शिक्षा क्षेत्रमा विगतका बेथिति अन्त्य गर्न लामो संघर्षपछि २०७५ मा ऐन लागू गरिएको थियो ।

विज्ञका अनुसार यदि ऐनभन्दा बाहिर गएर राजनीतिक दबाबमा निर्णय हुन थालेमा चिकित्सा शिक्षा सुधारका उपलब्धि पुन: संकटमा पर्न सक्छन् । 'सयौं विद्यार्थी दुई चार वर्षमा कुरेर छात्रवृत्तिमा पढ्ने प्रयास गर्छन्, 'आयोगका एक सदस्य भन्छन्, ' हुकुमी शैलीबाट छात्रवृत्ति सिट निर्धारण गर्दा भोलि चिकित्सा शिक्षा झन् धरासायी बन्दै जान्छ ।' ती सदस्यका अनुसार २४ औं बैठकको एजेन्डा नै मन्त्रिपरिषद्को निर्णय भन्ने सम्बन्धमा थियो । तर विषय खुलाइएको थिएन ।

सदस्यलाई बैठकको एजेन्डा कम्तीमा २४ घण्टाअघि उपलब्ध गराउनुपर्ने प्रावधान भएपनि उक्त नियम उल्लंघन र नियतवश प्रक्रिया लुकाएर निर्णय अघि सारिएको ती सदस्यको आरोप छ । 'आयोगका सदस्यलाई जानकारी नै नदिई यस्तो एजेन्डा ल्याइन्छ भने यो लुकिछिपी निर्णय गराउने प्रयास हो,' ती सदस्य भन्छन्, 'मन्त्रिपरिषद्को निर्णय ऐनभन्दा माथि कदापि हुन सक्दैन ।

आयोग भित्रै केही सदस्यले आगामी बैठकमा औपचारिक असहमति (नोट अफ डिसेन्ट) राख्ने तयारी गरेको बताए । अर्का सदस्यका अनुसार उक्त प्रस्ताव अनुमोदन भइसकेको छ । 'कसैले केही बोल्न पनि सकेनन् । सबैले हस्ताक्षर गरेर अनुमोदन गरिसकेका छन्,' ती सदस्य भन्छन्, ' सबैतिर विरोध भएपछि सरकारले नैतिक जिम्मेवारी दिँदै यो निर्णयबाट पछि हट्नुपर्छ ।' सर्वत्र विरोध भएपछि चिकित्सा शिक्षा आयोग हेरपर्खको अवस्थामा छ । आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झा जेनजी आन्दोलनकी घाइते शाहलाई एमबीबीएस अध्यायन गराउनेबारे निर्णय नभइसकेको दाबी गर्छन् ।

आयोगको पछिल्लो बैठकमा उठाइएको विषयमा अहिलेसम्म औपचारिक निर्णय नभएको दाबी गरे । उपाध्यक्ष झाले उक्त विषयमा आयोगको बैठकमा छलफल मात्रै भएको र निर्णय प्रक्रिया अझै बाँकी रहेको बताए । 'प्रस्तावबारे छलफल भएको हो, तर निर्णय भइसकेको छैन,' उनले भने । उनका अनुसार बैठकमा सहभागी सदस्यहरूले उपस्थितिको हस्ताक्षर गरेका भए पनि निर्णय अनुमोदन भएर प्रक्रिया टुंगिएको अवस्था छैन ।

*(स्रोत: अनलाइनखबर)*

# 'परालको आगो'को 'निम्तो सुपारी' गीतमा दुई जोडीको नृत्य

काठमाडौं/आगामी बैशाख ११ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'परालको आगो'को तेस्रो गीत 'निम्तो सुपारी' सार्वजनिक गरिएको छ । युवायुवतीबीचको प्रेम, आकर्षण र नोकझोंकलाई केन्द्रमा राखिएको गीतमा सत्यराज आचार्य र मेलिना राईको स्वर रहेको छ भने संगीत सत्यराज र स्वरुपराज आचार्यले दिएका छन् । शब्द रचना सुरेन्द्र रानाको हो ।

गाउँघरमा परम्परागत शैलीमा हुने विवाहको परिवेशमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू सौगात मल्ल, प्रकाश सपूत, सुहाना थापा र सिर्जना अधिकारी देखिएका छन् । उनीहरूले भिडियोमा आकर्षक नृत्य प्रस्तुत गरेका छन् । गीतका कोरियोग्राफर रामजी लामिछाने हुन् । भिडियोमा कोरियोग्राफी र छायांकन पक्ष उत्कृष्ट देखिएको छ ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा किशोर भण्डारी (डिट्ठासाब), शंकर आचार्य, सरिता भण्डारी, मन्जिला बाँनिया, कुल बहादुर अधिकारी, रेनु न्यौपाने, ज्याक श्रेष्ठ लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । हरिओम सिने मेकर्सका सुशील पोखरेल लगानीकर्ता रहेको फिल्ममा सुशील देवकोटाको पटकथा तथा संवाद लेखन छ ।



आधुनिक कथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको 'नासो' कथासंग्रहमा संग्रहित 'परालको आगो' कथाबाट प्रेरित भनिएको यस फिल्ममा संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, कनाल कँवरको रंग संयोजन तथा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको संगीत रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# १५ दलीय संगठनद्वारा देशव्यापी आन्दोलनको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ विभिन्न राजनीतिक दलनिकट १५ वटा विद्यार्थी संगठनले सरकारले विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको विरोधमा देशव्यापी आन्दोलनको घोषणा गरेका छन् ।

शुक्रबार काठमाडौंमा संयुक्त पत्रकार सम्मेलन गर्दै विद्यार्थी संगठनले चरणबद्ध आन्दोलनको घोषणा गरेका हुन् । विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णय संविधान लोकतान्त्रिक मूल्य, मान्यताविपरित तथा नागरिक अधिकारमाथिको प्रत्यक्ष आक्रमण भएको भन्दै यस्तो निर्णय तत्काल फिर्ता गर्नुपर्ने उनीहरुको माग छ । सरकारले हालै शासकीय सुधार अन्तर्गत विद्यार्थी संगठनको गतिविधि नियन्त्रण वा प्रतिबन्ध गर्ने निर्णय गरेको थियो । पहिलोचरणको आन्दोलनअन्तर्गत विद्यार्थी संगठनले चैत २८ गते नागरिकअगुवा तथा सरोकारवालासँग अन्तरक्रिया गर्ने तथा चैत २९ देखि वैशाख ४ गतेसम्म देशभर क्लेजस्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने जनाएका छन् ।



अगामी वैशाख ५ गते पूर्वविद्यार्थी नेता तथा सांसदसँग संवाद गर्ने, वैशाख ७ देखि १४ गतेसम्म देशव्यापी प्रचारप्रसार, सांस्कृतिक तथा सिर्जनात्मक कार्यक्रम गर्ने, वैशाख ११ गते विश्वविद्यालय उपकुलपतिलाई ज्ञापनपत्र बुझाउने, वैशाख १२ गते प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिने र वैशाख १५ गते काठमाडौं उपत्यकामा कापी कलम सहित देशव्यापी प्रदर्शन गर्ने घोषणा गरेका छन् । नेपाल विद्यार्थी संघका सभापति दुजाङ शेर्पाले नेपालको राजनीतिक इतिहास बोकेका विद्यार्थी संगठनलाई बन्देज गर्ने निर्णयविरुद्ध संयुक्त विद्यार्थी आन्दोलनको घोषणा गरिएको बताए ।

उनले यस आन्दोलनमा ऐक्यबद्धता जनाउन नागरिकसमाजका अगुवा तथा देशभरका सम्पूर्ण विद्यार्थीलाई आह्वान गरे । उनले प्रधानमन्त्री बालेन्द्र शाहलाई जनताले दिएको प्रचण्ड बहुमतमाथि खेलाँची नगर्न चेतावनी दिए । नेकपा (एमाले) निकट अनेरास्ववियुका अध्यक्ष दीपक धामीले सरकारलाई जनताले दिएको म्यान्डेट सुशासन र मुलुकको समृद्धिमा सदुपयोग गर्न ध्यानकर्षण गराए । शेर्पाले दलीय राजनीतिमा लागेका राजनीतिज्ञ र विद्यार्थी संगठनको बदनाम नगर्न समेत चेतावनी दिए ।

संयुक्त विद्यार्थी मोर्चाले सरकारसमक्ष विस्तृत ७ बुँदे मागपत्र पनि प्रस्तुत गरेको छ । प्रत्येक क्याम्पसमा उत्कृष्ट विद्यार्थीलाई नियमित ग्रान्ट तथा अनुसन्धान सहायता प्रदान गर्नुपर्ने गर्नुपर्ने, इन्टर्नसिपलाई कानुनी अधिकारकारुपमा ३० दिनभित्र सुनिश्चित गर्नुपर्ने तथा विश्वविद्यालयमा शिक्षक सहायक तथा अनुसन्धान सहायक पदमा विद्यार्थीलाई प्राथमिकता दिनुपर्ने मोर्चाको माग छ ।

# सीपमूलक तालिम खरिद प्रक्रिया अनियमितताको आशंका, छानबीनको माग

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ बागमती प्रदेश सरकारअन्तर्गत रहेको प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद हेटौंडाद्वारा सञ्चालित सीपमूलक तालिम कार्यक्रमसम्बन्धी सेवा खरिद प्रक्रियामा निष्पक्षता, पारदर्शिता र प्रतिस्पर्धात्मकतामाथि गम्भीर प्रश्न उठेको छ ।

सरोकारवाला तालिम प्रदायक संस्थाले प्रेस विज्ञप्ती जारी गर्दै प्रक्रियामा अनियमितता भएको आशंका व्यक्त गरेका हुन् । परिषद्ले आर्थिक वर्ष २०८१/८२ मा करिब ७०० जना लाभग्राहीलाई विभिन्न सीपमूलक तालिम प्रदान गर्ने उद्देश्यसहित इओआई प्रणाली मार्फत आह्वान गरेको थियो । तर, प्रस्ताव मूल्यांकन तथा निर्णय प्रक्रियामा अपनाइएको विधि पारदर्शी नभएको भन्दै सरोकारवालाले गम्भीर आपत्ति जनाएका छन् । दस्तावेजमा उल्लेख भएअनुसार प्राविधिक प्रस्ताव मूल्यांकनमा असामान्य अंक वितरण देखिनु, न्यून लागत प्रस्ताव गर्ने संस्थालाई उपेक्षा गर्दै उच्चलागत प्रस्ताव गर्ने सेवाप्रदायक छनोट गरिनुजस्ता विषयले खरिद प्रक्रियामाथि प्रश्न उठाएको छ ।

आर्थिक प्रस्ताव खोल्ने प्रक्रिया पनि पारदर्शीरुपमा सम्पन्न नभएको, मूल्यांकन अत्यन्त छोटो समयमा टुंग्याइएको तथा मूल्यांकनमा संलग्न व्यक्तिबीच सम्भावित स्वार्थ बाझिने अवस्था रहेको आशंका व्यक्त गरिएको छ । सरोकारवालाले परिषद्को नेतृत्वमाथि प्रश्न उठाउँदै प्रमुख कार्यकारीनिर्देशक शान्ति लामा र कार्यकारीनिर्देशक देवनारायण चौधरीको कार्यकालदेखि नीतिनिर्माण र खरिद प्रक्रियामा मिलेमतो हुनसक्ने संकेत गरेका छन् । यसले हालको प्रक्रिया नीतिगत त्रुटि र प्रक्रियागत कमजोरीसहित अघि बढाइएको हुन सक्ने उनीहरुको दाबी छ ।

आर्थिक वर्ष २०८२/८३ का लागि प्रकाशित सूचना राष्ट्रिय दैनिकमा प्रकाशित नगरिएको तथा परिषद्को आधिकारिक वेबसाइटमा समेत नदेखिएको भन्दै सार्वजनिक सूचनाप्रवाहमा समेत कमजोरी भएको आरोप लगाइएको छ । साथै, 'सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८०' मा रहेको कम्तिमा ७ वर्षको अनुभव र ४ हजार जनालाई तालिम प्रदान गरेको प्रावधानले साना तथा मझौला संस्थालाई प्रतिस्पर्धाबाट बाहिर राख्ने जोखिम रहेको भन्दै यो प्रावधान पुनरावलोकन गर्नुपर्ने माग गरिएको छ ।

**प्रदेश सरकार समक्ष ५ बुँदे माग**

सरोकारवालाले बागमती प्रदेश सरकारसमक्ष पाँचबुँदे माग अघि सारेका छन् । उनीहरुले सम्पूर्ण प्रक्रिया निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन तत्काल छानबीन र सुधार आवश्यक रहेको बताएका छन् । सरोकारवालाले सबैभन्दा पहिले सम्पूर्ण खरिद तथा मूल्यांकन प्रक्रियामाथि स्वतन्त्र छानबिन समिति गठन गर्न माग गरेका छन् । उनीहरुका अनुसार अहिलेको प्रक्रियामा उठेका प्रश्नको निष्पक्ष अनुसन्धान नभएसम्म वास्तविकता बाहिर आउने सम्भावना कम छ ।

छानबीन समिति कुनै धुवाँभित्रको ऐना होइन, उज्यालोमा राखिएको काँचझैं स्पष्ट हुनुपर्ने उनीहरुको भनाइ छ । छानबीन प्रतिवेदन नआउँदासम्म सम्बन्धित प्रक्रिया तत्काल स्थगन गर्नुपर्ने माग गरिएको छ । विवादित प्रक्रिया अगाडि बढाइएमा पछि गरिने निर्णय झन् विवादित बन्न सक्ने र सार्वजनिक स्रोतको प्रयोगमाथि थप प्रश्न उठ्न सक्ने उनीहरुको तर्क छ ।

# आधुनिकलाई ४ नम्बर वडाको सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको शैक्षिक सभाहलका लागि २ सय ७० वटा कुर्सी हस्तान्तरण गरिएको छ ।

शुक्रबार आयोजित एक कार्यक्रमबीच हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलको विशेष उपस्थितिमा कुर्सी हस्तान्तरण गरिएको हो । कार्यक्रममा वडासदस्य गीता त्रिपाठी, वडासचिव रामप्रसाद गुरागाईं, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महमद समिम, विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईं, समाजसेवी भवानी शर्मा, टोल विकास नगर समन्वय समितिका महासचिव शिवहरि दाहाल, विद्यालय व्यवस्थापन समिति सदस्य रेणुका फुँयाल तथा पिटिए अध्यक्ष केदार ढोडरी लगायतको उपस्थिति रहेको थियो ।

वडासचिव गुरागाईंका अनुसार करिब ५ लाख रुपैयाँ बराबरको कुर्सी विद्यालयको शैक्षिक सभाहलका लागि सहयोग उपलब्ध गराइएको हो । कुर्सीको व्यवस्थापन भएपछि सभाहल सञ्चालनमा सहजता आएको विद्यालयका प्रधानाध्यापक गुरागाईंले जानकारी दिएका छन् । वडाअध्यक्ष सिग्देलले विद्यालयको भौतिक पूर्वाधार सुधार, विज्ञान प्रयोगशाला विकास तथा विभिन्न शैक्षिक क्रियाकलापमा वडा कार्यालयले विगतका वर्षदेखि निरन्तर सहयोग गर्दै आएको बताए । चौतर्फी शैक्षिक विकासका लागि वडा कार्यालयले विभिन्न कार्यक्रम नियमितरुपमा सञ्चालन गर्दै आएको र शिक्षा क्षेत्रलाई उच्चप्राथमिकता दिएको उनले उल्लेख गरे ।

# प्रतिशोधको भावनाले मुलुक समृद्ध हुँदैन: मन्त्री केसी

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ बागमती प्रदेशका वन तथा वातावरण मन्त्री भरतबहादुर केसीले राज्य सञ्चालनमा प्रतिशोध र पक्षपातको भावना हाबीभए मुलुक कहिल्यै समृद्ध बन्न नसक्ने बताएका छन् ।




वन तथा वातावरण मन्त्रालयद्वारा दोलखामा आयोजित सञ्चारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री केसीले सरकारले सबै नागरिकका लागि निष्पक्ष र जिम्मेवार अभिभावकको भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । 'जसरी एउटा घर तबमात्र व्यवस्थित र समृद्ध हुन्छ जब अभिभावकले सबै सदस्यलाई समान व्यवहार गर्दै जिम्मेवार रुपमा नेतृत्व गर्छ, त्यसैगरी राज्यले पनि न्यायपूर्ण भूमिका खेल्नुपर्छ,' मन्त्री केसीले भने, 'यदि राज्य प्रतिशोधको भावनाले चल्यो भने त्यो कहिल्यै सक्षम र समृद्ध बन्न सक्दैन ।'

उनले वन व्यवस्थापनको नयाँ सोचका बारेमा चर्चा गर्दै वनलाई केवल उपयोग गर्ने स्रोतका रुपमा मात्र नभई संरक्षण र पुनर्जीवनको आधारकारुपमा हेर्नुपर्ने बताए । बढ्दो मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि मन्त्रालयले 'फ्रुट फरेस्ट' (फलफूलको वन) को अवधारणा अघि सारेको जानकारी दिँदै उनले भने, 'यसले एकातिर वनलाई अवकाश दिन्छ भने अर्कोतिर वन्यजन्तुलाई वनभित्रै आहारा सुनिश्चित गरी बस्ती पस्नबाट रोक्न सहयोग पुर्याउँछ ।' यो समस्या समाधानका लागि अन्तर्राष्ट्रिय अभ्यासहरुलाई समेत आत्मसात गर्दै दीर्घकालीन योजना बनाइरहेको उनले उल्लेख गरे ।

मन्त्री केसीले सञ्चार माध्यमलाई सकारात्मकता र आशा जगाउने समाचारलाई प्राथमिकता दिन आग्रह गरे । मिडियाका हेडलाइन नकारात्मक विषयमा मात्र केन्द्रित हुँदा समाजमा निराशा र आक्रोश बढ्दै गएकोप्रति चिन्ता व्यक्त गरे । उनले भने, 'हामीले अब रचनात्मक पहल र समाधानमुखी दृष्टिकोणलाई प्राथमिकता दिन आवश्यक छ । साना बालबालिकाले देख्ने र सिक्ने वातावरण सकारात्मक हुनुपर्छ ।' पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारु मगरको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका १० जिल्लाका सञ्चारकर्मीको उपस्थिति रहेको थियो । सहभागीलाई जलवायु परिवर्तन, वनसंरक्षण र वातावरणीय रिपोर्टिङका विविध आयामबारे प्रशिक्षण दिइएको थियो ।

# हेटौंडामा 'लिडरशिप कन्क्लेभ २०२६' आयोजना हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ हेटौंडामा 'लिडरशिप कन्क्लेभ २०२६' आयोजना हुने भएको छ । जेसीआई हेटौंडाको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा हुने कार्यक्रमले युवामा नेतृत्व क्षमता विकास गर्ने लक्ष्य राखेको छ ।

कार्यक्रममा प्रमुख अतिथिका रुपमा नेपाली कांग्रेसका सांसद निश्चल राईको उपस्थिति रहनेछ । जेसीआई २०२६ की उपाध्यक्ष रजनी थापा र मिस नेपाल अर्थ २०१८ तथा सामाजिक उद्यमी प्रिया सिग्देल प्यानलिस्टका रुपमा सहभागी हुनेछन् ।

कार्यक्रमको सहजीकरण प्रसुज मैनालीले गर्नेछन् । कार्यक्रम अन्तर्गत स्वागतराज प्याकुरेल र विधान राजभण्डारीद्वारा कथन (स्टोरी टेलिङ) सत्र सञ्चालन गरिनेछ भने अर्पण पराजुलीद्वारा नेतृत्वसम्बन्धी कार्यशाला पनि आयोजना गरिनेछ ।

आयोजककाअनुसार कन्क्लेभले सहभागीलाई प्रेरणा दिने, अनुभव आदानप्रदान गर्ने तथा नेतृत्व विकासमा सहयोग पुर्याउने अपेक्षा गरिएको छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/१२/२५ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- पूर्ण कुमारी थापा मगर (पत्नि)* *जग्गावाला- हस्त बहादुर थापा मगर (पति)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ४ को हस्त बहादुर थापा मगरको नाममा नाप नक्सा भएको तपशिलका जग्गा हटिया मौजेको रैती नं.११९ को रैती फिल्डबुकवालाको बुवा कृष्ण बहादुर थापा मगरको नाममा साविक भोग लगत कायम रही दर्ता गर्न छुट भएकोमा निज जग्गावाला हस्त बहादुर थापा मगरको मिति २०६८/१०/१४ मा मृत्यु भएको र लगतवाला कृष्ण बहादुर थापा मगर र निजकी पत्निको समेत मृत्यु भईसकेकोमा फिल्डबुकवाला हस्त बहादुर थापा मगरको हक खाने एक मात्र पत्नि पूर्ण कुमारी थापा मगर तथा निजहरुबाट जायजन्म भएको चार जना छोराहरु जेठो रघुनाथ थापा मगर, माहिलो पुरुषोत्तम थापा मगर, साइलो भरत थापा मगर र कान्छो श्री कृष्ण थापा मगर भएकोमा उल्लेखित तपशिलका जग्गा साविकमा फिल्डबुकवाला हस्त बहादुर थापा मगरको मृत्यु पूर्व निजले नै र निजको मृत्यु पश्चात निजका उल्लेखित हकदार पत्नि तथा छोराहरुले नै साविक देखि हाल सम्म निरन्तर रुपमा जोतभोग तथा भोगचलन गरी आएकोले छोराहरु जेठो रघुनाथ थापा मगर, माहिलो पुरुषोत्तम थापा मगर, साइलो भरत थापा मगर र कान्छो श्री कृष्ण थापा मगरको मंजुरीले निवेदक पत्नि पूर्ण कुमारी थापा मगरको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका १७ नम्बर वडा कार्यालयको च.नं. ५१०९ मिति २०८१/०२/२९ को छुट जग्गा दर्ता नामसारी सम्बन्धी हकदार तथा हकभोग समेत खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, मृत्यु दर्ता प्रमाणपत्रहरु, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं./मि.नं. २६९ मिति २०८२/१०/०९ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी कर्ताहरु बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन

**तपशिल**


| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | हस्त बहादुर थापा मगर पं. हटिया वडा नं. ४ बुवा-कृष्ण बहादुर बाजे-हर्ष बहादुर | हटिया | ४ | ९१४ | १-१५-२ | पूर्ण कुमारी थापा मगर | जिल्ला मकवानपुर हटिया, मौजेको रै.नं. ११९ को रैती कृष्ण बहादुर थापा मगर |

*ईति संवत २०८२ साल चैत्र महिनाको २५ गते रोज ४ शुभम्..................।*



# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना